कम्पनी रजिष्ट्रार कार्यालय, दर्ता नं.: १८७५३२/०७४/७५ | वित्तीय इजाजत नं.: ने.रा. बैंक/ई.प्रा./"घ"/०८७/०७५/७६

# नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि.

# NESDO Sambridha Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको वित्तीय संस्था)

केन्द्रिय कार्यालयः कुश्मा नगरपालिका, वडा नं.–६, न्यूरोड, पर्वत, फोन नं.: ०६७–४२०४०६, फ्याक्स नं.: ०६७–४२०९१५

## Unaudited Financial Result (Quarterly)

### As at the end of 2nd Quarter (2079/09/30) of the Fiscal Year 2079/2080

Rs in '000'

| S.N | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **5,226,862.78** | **5,078,964.05** | **4,563,690.02** |
| 1.1 | Paid Up-Capital | 255,000.00 | 255000.00 | 172,125.00 |
| 1.2 | Reserve & Surplus | 644,554.80 | 630,745.51 | 540,381.55 |
| 1.3 | Debenture & Bounds | | | |
| 1.4 | Borrowings | 395,000.00 | 408,333.33 | 333,439.35 |
| **1.5** | **Deposits (a+b)** | **2,594,604.22** | **2,552,514.74** | **2,301,443.98** |
| | a.Domestic Currency | 2,594,604.22 | 2,552,514.74 | 2,371,218.87 |
| | b.Foreign Currency | | | |
| **1.6** | **Income Tax Liabilities** | **47,239.19** | **24,198.13** | |
| 1.7 | **Other Liabilities** | 1,290,464.57 | 1,208,172.34 | 1,146,525.25 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **5,226,862.78** | **5,078,964.05** | **4,563,690.02** |
| 2.1 | Cash & Bank Balance | 546,558.23 | 303,693.27 | 251,349.64 |
| 2.2 | Money at Call & Short Notice | | | |
| 2.3 | Investment | | | |
| 2.4 | Loan & Advances | 4,562,550.25 | 4,705,670.63 | 4,217,316.00 |
| 2.5 | Fixed Assets | 7,180.94 | 8,128.07 | 8,974.75 |
| 2.6 | Non-Banking Assets | | | |
| 2.7 | Other Assets | 110,573.36 | 61,472.08 | 86,049.63 |
| **3** | **Profit & Loss Account** | | | |
| 3.1 | Interest Income | 318,468.51 | 160,801.98 | 290,553.00 |
| 3.2 | Interest Expenses | 119,638.37 | 61,001.52 | 102,975.00 |
| | **A. Net Interest Income (3.1-3.2)** | **198,830.14** | **99,800.46** | **187,578.00** |
| 3.3 | Fees Commission & Discount | | | |
| 3.4 | Other Operating Income | 36,593.30 | 20,960.22 | 44,423.00 |
| 3.5 | Foreign Exchange Gain/ Loss (Net) | | | |
| | **B.Total Operating Income (A+3.3+3.4+3.5)** | **235,423.44** | **120,760.68** | **232,001.00** |
| 3.6 | **Staff Expenses** | 46,913.93 | 24,842.57 | 45,781.82 |
| 3.7 | **Other Operating Expenses** | 13,549.56 | 6,295.39 | 15,466.00 |
| | **C. Operating Profit Before Provision (B-3.6-3.7)** | **174,959.95** | **89,622.72** | **170,753.18** |
| 3.8 | Provision for Possible Lossess | | | 300.00 |
| | **D. Operating Profit(C-3.8)** | **174,959.95** | **89,622.72** | **170,453.18** |
| 3.9 | Non-Operating Income/Expenses (Net) | | | |
| 3.10 | Write Back Of Provision for Possibel Losses | | | |
| | **E. Profit From Regular Activities (D+3.9+3.10)** | **174,959.95** | **89,622.72** | **170,453.18** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| | **F. Profit Before Bonus & Tax** | **174,959.95** | **89,622.72** | **170,453.18** |
| 3.12 | Provision For Staff Bonus | 17,496.00 | 8,962.27 | 17,045.00 |
| 3.13 | Provision For Tax | 47,239.19 | 24,198.13 | 46,022.00 |
| | **G. Net Profit /Loss** | **110,224.76** | **56,462.32** | **107,386.18** |
| **4** | **Ratios** | | | |
| **4.1** | **Capital Fund to RWA** | 19.77% | 18.38% | 17.43% |
| **4.2** | **Non-Performing Loan (NPL) to Total Loan** | 5.27% | 4.41% | 6.08% |
| **4.3** | **Total Loan Loss Provision to Total NPL** | 153.65% | 178.18% | 145.05% |
| **4.4** | **Cost of Fund** | 12.56% | 13.96% | 11.34% |
| **4.5** | **CD Ratio (Calculated as Per NRB Directives)** | 175.85% | 184.35% | 177.85% |

**Interest Rate on Deposit & Loan and Advance**

| **Deposit & Saving 4% - 13.3%** | **Loan & Advance - 15%** |
|---|---|

Note: 1. The Uaudited Financial Figures may change if directed by the Satutory Audit/Supervisory Authorities .
2. The Previous Period Figures are regrouped and rearranged whenever necessary.
3. Loans & Advances are Presented on Gross Basis and Loan Loss Reserve is Included in other liabilites.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ को नियम २६ को उपनियम (१) संग सम्बन्धित**

## आर्थिक वर्ष २०७९/०८० को दोस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरणः**

क) दोस्रो त्रैमासिक अवधिको वासलात तथा नाफा/नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरुः

| प्रति शेयर आम्दानी | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ८६.४५ (वार्षिकिकरण) | ३७.६५ | ३५२.७७ | २,०४१.४१ | १६.८४ |

**२. व्यवस्थापकिय विश्लेषणः**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धि विवरणः**

आर्थिक वर्ष २०७९/०८० का दोस्रो त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको मौज्दात, आम्दानी, कर्जा लगानी एवं वचत परिचालनमा व्यवस्थापकीय योजना अनुरुप बृद्धि भएको छ । वित्तीय बजारमा हालै देखिएको तरलताको संकट निरन्तर रहेमा आगामी दिनमा योजना अनुरुपको प्रतिफल हासिल गर्न कठिन हुने देखिन्छ ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विष्लेषणात्मक विवरणः**

राष्ट्रिय स्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको शुरुदेखि नै वित्तीय पहुँच अभिबृद्धि गराई गरिवी घटाउने, वित्तीय समावेशीकरण बढाउने, लघुवित्त कार्यक्रमको पहुँच नपुगेका ग्रामीण क्षेत्रमा लघुवित्त सेवा विस्तार गर्ने उद्देश्य अनुरुप वित्तीय संस्थाले पर्वत, वाग्लुङ्ग, म्याग्दी, कास्की, तनहुँ, लमजुङ्ग, गोरखा, स्याङ्गजा, नवलपुर, नवलपरासी, चितवन र पाल्पा गरी १२ जिल्लामा आफ्नो ५६ वटा शाखा कार्यालयहरु स्थापना गरी सघन रुपमा र रुपन्देही, गुल्मी, मकवानपुर, धादिङ्ग लगायतका जिल्लामा आंशिक रुपमा सेवा विस्तार गरी त्यस क्षेत्रका **७८ हजार ६७ जना** सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गरेको छ । सदस्यहरुको दिगोपनालाई ध्यानमा राखी उनीहरुमा स्वरोजगार सिर्जना गर्दै लघुउद्यम तथा उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गरी दिगो व्यवसायिक सफलता हासिल गर्ने तर्फ यस वित्तीय संस्था अग्रसर रहेको छ ।

**ग) विगतको अनुभव बाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पर्नसक्ने घटना आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरणः**

महामारीको जोखिमयुक्त समयमा पनि सदस्यहरुले वित्तीय संस्था प्रति देखाएको विश्वास उत्साहजनक छ । सदस्य, ऋणी, कर्जाको आकार तथा कर्जा असुलीमा भएको सकारात्मक परिणामले गर्दा आगामी दिनमा वित्तीय संस्थाको कार्यक्रमको गुणस्तर सुदृढ भई सुरक्षित कारोवार र अपेक्षित नाफा हुनेमा व्यवस्थापन विश्वस्त छ । लघुवित्त संस्थाहरुमा देखिएको अस्वस्थ्य प्रतिस्पर्धा, दोहोरो सदस्यता र दोहोरो कर्जा भारको कारण वित्तीय संस्थाले लगानी गरेको ऋणको गुणस्तरमा सामान्य असर परेको भएता पनि कर्जा सुचना केन्द्रको प्रभावकारीता बृद्धि हुदै जाँदा जोखिमहरु क्रमशः न्यून हुँदै गएको र जाने देखिन्छ ।

**३) कानुनी कारवाहि सम्बन्धि विवरणः**

क) यस अवधिमा संस्थाले वा संस्था बिरुद्धमा कुनै मुद्दा दायर भएको छैन ।

ख) यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको वारे कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको वारे कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषणः**

क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोवारले यस संस्थाको बजार मुल्य निर्धारण हुने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी छैन ।

ख) नेपाल स्टक एक्सचेन्जको वेभसाईट **www.nepalstock.com** अनुसार गत त्रैमासिक अवधिमा संस्थाको शेयर कारोवार निम्न विवरण अनुसार भएको देखिन्छ ।

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोबार दिन | कारोबार संख्या | कारोबार शेयर संख्या |
|---|---|---|---|---|---|
| ३,७५९.०० | २,७०५.०० | ३,२५५.०० | ५२ | ११,८६३ | ४,११,३५१ |

**५. समस्या तथा चुनौती**

वित्तीय वजारमा बढ्दो तरलताको संकट एवं पटक पटकको महामारीका कारण सिर्जित समस्याका कारण सदस्यहरुको व्यवसाय तथा आय आर्जन प्रभावित भई लघुवित्त क्षेत्रमा दिर्घकालसम्म गहिरो प्रभाव पर्न सक्ने देखिन्छ। लगानी योग्य कोषको बढ्दो अभाव एवं ब्याजदरमा आएको अप्रत्यासित बृद्धिले कार्यक्रम विस्तारको योजनालाई प्रभावित पार्न सक्ने देखिन्छ । दोहोरोपनाका कारणले सदस्यहरुमा हुन सक्ने ऋणको अधिक भारबाट उत्पन्न हुन सक्ने जोखिम, वित्तीय श्रोतको अनिश्चितता, तरलता संकट र कर्मचारीहरुको दक्षता अभिबृद्धिमा कमी भई उत्पन्न हुन सक्ने जोखिम एवं नियमनकारी निकायबाट अप्रत्याशित रुपमा हुने नीति तथा निर्देशनमा परिवर्तनका कारणले थप चुनौतीहरुको सामना गर्नुपर्ने अवस्था आउन सक्नेछन्।

**६. संस्थागत सुशासनः**

नियमनकारी निकायसँग सम्बन्धित ऐन, कानुन तथा नीति नियम तथा निर्देशन अनुरुप संस्थागत सुशासन कायम राख्न वित्तीय संस्था कटिवद्ध र प्रतिवद्ध रहँदै आएको छ । नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐन, कानुनहरुको परिपालनामा विषेश ध्यान दिँदै आफ्ना शेयरधनीहरु, सर्वसाधारण सदस्यहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हितको संरक्षण तथा सम्बर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिबद्ध रहेको छ । वित्तीय संस्थाको कारोवारलाई व्यवस्थित गरी चुस्त, दुरुस्त बनाउन एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समितिको साथै लेखा परीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पति शुद्धीकरण अनुगमन समिति लगायत विभिन्न समिति तथा उपसमितिहरु गठन गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा "घ" वर्गको वित्तीय कारोवार गर्न इजाजतप्राप्त संस्थाको लागि जारी गरिएको निर्देशनको साथै स्थलगत तथा गैर स्थलगत निरीक्षणबाट दिएका सल्लाह, सुझाव तथा निर्देशनहरुको पालना गर्न व्यवस्थापन तथा सञ्चालक समिति क्रियाशील रहेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा प्रवन्ध सञ्चालकको उद्घोषणः**

आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष् गर्दछु की मैले जाने वुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्यपुर्ण छन् । लगानीकर्ताहरुलाई सु-शूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

**८. नियम २६ को उपनियम (५) सँग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धी विवरणः** छैन ।